# “संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको मूल आधार, महिलाको  शरीर, श्रम र पहिचानमा आफ्नो अधिकार”

## महिला मञ्च
## २२ देखि २४ चैत्र, २०७४

## कर्णाली प्रदेशका जनप्रतिनिधि महिला तथा महिला मानव अधिकार रक्षकहरुद्वारा पारित

## सुर्खेत घोषणापत्र

सबै नेपाली नागरिकको स्वतन्त्रतासहित सम्मानपूर्वक बाँच्न पाउने अधिकार स्थापित गर्न एकसय वर्ष अगाडीदेखि योगमाया न्यौपानेले शुरु गरेको संघर्षलाई स्मरण गर्दै, संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको स्थापनाका लागि भएका २००७ र २०४६ सालको जनआन्दोलन, १० वर्षे सशस्त्र द्वन्द्व, ०६२/६३ को जनआन्दोलन, मधेश आन्दोलन, थरुहट आन्दोलनलगायतका विभिन्न सामाजिक/राजनीतिक आन्दोलनहरुमा नेपाली महिलाले गरेका संघर्ष र बलिदानको उच्च कदर एवं त्यस योगदानप्रति गौरवान्वित अनुभूत गर्दै,

यी सबै आन्दोलनका आधारमा सम्पन्न भएको संविधानसभाको निर्वाचनमार्फत प्राप्त नेपालको संविधानको भाग २ अन्तर्गत रहेको नागरिकताको व्यवस्थामारहेको लैंगिक विभेद सम्बोधन गर्न ध्यानाकर्षण गराउँदै,

सामन्तवादी पितृसत्तात्मक सामाजिक संरचनाका कारण स्थापित असमान शक्ति सम्बन्धको अन्त्य नभएसम्म नेपालमा भएको पछिल्लो राजनीतिक रुपान्तरणलाई सारभूत रुपमा संस्थागत गर्न सकिंदैन भन्ने मान्यतालाई आत्मसात गर्दै,

संविधानसभाबाट संविधान जारी भई तीनै तहको निर्वाचन सम्पन्न भैसकेपछि देशमा राजनीतिक रुपमा संक्रमणकाल अन्त्य भएको भनिएता पनि सशस्त्र द्वन्द्वका बेला युद्धरत पक्षहरुबाट महिलामाथि भएका यौन हिंसा, यातना लगायतका विभिन्न प्रकारका गंभीर मानव अधिकार उल्लघंनको सवाल संबोधन हालसम्म पनि हुन नसकेको कारण महिलाहरु शान्तिको लाभांशबाट बञ्चित रहेको, द्वन्द्वका घाउ लिएर बाँच्न विवस भएको यथार्थप्रति गम्भीर ध्यानाकर्षण गराउँदै,

महिला आन्दोलनका सबै मुद्दाहरु वर्गीय आन्दोलनका मुद्दा हुन् भन्नेतर्फ सचेत हुन सबैलाई आग्रह गर्दै, देशमा सदियौंदेखि जरा गाडेको सामन्ती व्यवस्था र त्यसमा आधारित पुँजीवादी पितृसत्तात्मक राज्य व्यवस्थाबाट स्थापित विभेदकारी सामाजिक मूल्यमान्यताहरु, असमान उत्पादनका प्रणालीहरु र असमान भूमि व्यवस्थाहरुमा परिवर्तन नगरेसम्म जनादेश अनुरुपको परिवर्तन, नेतृत्वद्धारा अघिसारिएको समृद्धिसहितको समाजवाद, समाजवाद उन्मुख अर्थव्यवस्था स्थापित गर्नका लागि आधार एवंम, सन् २०३० सम्ममा पुरा गर्ने भनिएको दिगो विकासका लक्ष्यहरु नारामा मात्रै सीमित हुने यथार्थता बोध गर्दै,

त्यस्ता उत्पादनका सम्बन्धहरुमा परिवर्तन ल्याउन महिलाको श्रम, विशेषतः घरेलु, कृषि  लगायतका अन्य सेवामूलक मानिएका श्रमहरुलाइ  औपचारिक श्रमको दायरामा ल्याई मर्यादित श्रमको रुपमा स्थापित गरि आर्थिक, सामाजिक र सांस्कृतिक रुपान्तरणको आधार तयार  गर्दै  महिलाको  नेतृत्व,

निर्णायक, जिम्मेवार र देश विकासमा पूर्ण सहभागी हुन सक्ने वातावरण निर्माण अविलम्ब गर्न अपिल गर्दै,

सरकारद्वारा महिला अधिकार सुनिश्चिततताका लागि देखाइएको प्रतिबद्धता, महिला हिंसा विरुद्धको शुन्य सहनशिलताको उद्घोषप्रति सम्मान गर्दै, बहुप्रति प्रथा लगायतका विभिन्न हानिकारक परम्परागत अभ्यासहरु, यस कर्णाली प्रदेशको भौगोलिक जटिलता, स्वास्थ्य सेवा सम्मको कठिन पहुँचका कारण महिलाको आफ्नो शरीरमाथि आफ्नो अधिकार र नियन्त्रण हुन नसकेको स्थितिको परिणाम कारण पाठेघर खस्ने, प्रशव फिस्टुला, बढ्दो आत्महत्या, मानसिक समस्याहरु जस्ता बेलैमा रोकथाम गर्न सकिने प्रजनन्⁄स्वास्थ्य समस्याहरुले लिएको व्यापकता एवम् भ्रुण पहिचान गरी गरिने गर्भपतन,बालविवाह, बहुविवाह, बलात्कार, यौन हिंसा, जस्ता बढ्दै गएको अपराधहरुतर्फ गम्भीर हुन सबैलाइ आग्रह गर्दै,

संविधानको धारा ३८ को उपधारा २ मा व्यवस्था भएको प्रत्येक महिलालाई सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्य सम्बन्धी हकको स्मरण गराउँदै, देश लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्थामा प्रवेश गरेको अवस्थामा समेत प्रति १ लाखमा २३९ जना महिलाहरुले सन्तान जन्माएकै कारण मृत्युवरण गर्नुपर्ने अवस्था र महिलाको आफ्नो शरिरमाथिको आफ्नो नियन्त्रण कायम नभएको स्थितिका कारण २६ प्रतिशत भन्दा बढी महिलाहरुआङ खस्ने समस्याबाट प्रताडित हुने परेको अवस्थाप्रति सबैको ध्यानाकर्षण गराउँदै, संविधान प्रदत्त महिलाका प्रजनन् अधिकार सुनिश्चिततताका लागि समाजमा रहेको सामाजिक विभेदपुर्ण मुल्यमान्यतामा परिवर्तन ल्याउनुका साथै भौगोलिक विकटताले उत्पन्न हुने कठिनाईहरुप्रति विशेष संवेदनशिल भई त्यस्ता कठिनाईहरुको सम्बोधनका लागि स्थानिय स्तरबाट नै विशेष व्यवस्था गरी कार्य गर्नेछौ भन्ने प्रतिबद्धता व्यक्त गर्दै,

महिला आन्दोलनको लामो र कठीन संघर्षको प्रतिफलस्वरुप स्थानीय तहको निर्वाचनमार्फत महिलाको नेतृत्व स्थापीत भएता पनि यस निर्वाचनमा महिलालाई दोस्रो दर्जाको नागरिकको रुपमा गरिएको व्यवहारप्रति खबरदारी गर्दै, राज्यसत्ताको नेतृत्वमा महिलाको नेतृत्वदायी सहभागिताका सन्दर्भमा प्राप्त उपलब्धिको रक्षा गर्न स्थानीय तहदेखि नै सचेततापूर्वक कार्यसम्पादन गर्नुपर्ने आवश्यकताबोध गर्दै,

मानवअधिकारको विश्वव्यापी घोषणापत्र १९४८; नागरिक तथा राजनैतिक अधिकार सम्बन्धी प्रतिज्ञापत्र १९६६; आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार सम्बन्धी प्रतिज्ञापत्र १९६६; सबै किसिमका जातिय भेदभाव उन्मुलन गर्ने सम्बन्धी महासन्धि १९६५; महिला बिरुद्ध हुने सबै किसिमका भेदभाव उन्मुलन सम्बन्धी महासन्धि १९७९; यातना तथा अन्य क्रुर अपमानजनक व्यवहार विरुद्धको महासन्धि १९८४; बालअधिकार महासन्धि १९८९, अपाङ्गता भएका व्यक्तिहरुका अधिकारसम्बन्धी महासन्धि २००६, आइ. एल. ओ. महासन्धिहरु लगायत विभिन्न मानवअधिकार सम्बन्धी अन्तर्राष्ट्रिय दस्तावेजहरूले सुनिश्चित गरेका महिलाको मानवअधिकार तथा मौलिक स्वतन्त्रताहरूको सम्मान गर्न प्रतिबद्ध रहने उद्घोषका साथ सबै पक्षको प्रतिबद्धता माग गर्दै,

२०७४ चैत्र २२ देखि २४ गतेसम्म, बिरेन्द्रनगर नगरपालिकाको सह आयोजनामा आयोजित कर्णाली प्रदेशस्तरीय यस महिला मञ्चमा १० जिल्लाका उपस्थित हामी २०० सय भन्दा बढीको संख्यामा रहेका कर्णाली प्रदेशका जनप्रतिनीधिहरु, महिला मानवअधिकारकर्मी र नागरिक समाजका प्रतिनिधिहरु यस मञ्चबाट यो १२ बूँदे घोषणापत्र जारी गर्दछौ ।

**हाम्रा घोषणाहरु :**

१. राजनीतिक, आर्थिक, सामाजिक तथा सांस्कृतिक रुपान्तरणका लागि रहेका **महिलाको समानुपातिक, समावेशी, संलग्नता सहितको निर्णायक नेतृत्व अभ्यासका** लागि विशेष योजना कार्यक्रम निर्माण र कार्यान्वयन गर्न नेतृत्व र सहकार्य गर्नेछौ ।

२.पितृसत्तात्मक सोंच र विभेदकारी सामाजिक मूल्य मान्यताका कारण, स्थापित जातिय विभेद, महिला र बालिका विशेष अपाङ्गता भएका, बिपन्न, लैगिंक तथा यौनिक अल्पसंख्यक, कठिन भौगोलिक क्षेत्र, राउटे, जनजाति, सुकुम्बासी जस्ता बिभिन्न रुपले पाखा पारिएका महिला र बालिका, जबर्जस्ती तथा बाल विवाह, बहुपतिप्रथा, बोक्सीको आरोप, झुमा, महिनावारी हुँदा पन्छाउने, छाउपडी, लगायतका विभिन्न प्रथा परम्परा एवं परम्परागत रुपमै यौन शोषण भोग्न बाध्य पार्ने, **सबै प्रकारका हानिकारक प्रथालाई अपराधको रुपमा ग्रहण गरी त्यस्ता सबैखाले हानिकारक परम्परामा आधारित भई गरिने अपराध अन्त्य गर्ने छाता कानुनको निर्माण साथै स्थानीय स्तर देखि राष्ट्रिय तहसम्म रणनीति बनाई लागू** गर्न नेतृत्व लिनेछौ ।

३.संविधानको धारा ३८ को उपधारा २ मा **महिलालाई सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्य सम्बन्धी हक** र धारा ३५ को **स्वास्थ्य सम्बन्धी हकमा** भएको व्यवस्थाका सम्पुर्ण प्रावधानहरुको व्यवहारिक कार्यान्वयनका साथै यौन तथा प्रजनन स्वस्थ्य अधिकार उपभोग गर्न बाधक रहेका विभेदकारी सामाजिक मूल्य, मान्यता, कानुन तथा नीतिलाई परिमार्जन गर्नुका साथै भौगोलिक विकटताले उत्पन्न हुने कठिनाईलाई सम्बोधन गर्न आवश्यकता अनुसारको विशेष व्यवस्था गर्न नेतृत्व र सहकार्य गर्नेछौं ।

४.**महिला र किशोरीहरुको यौन तथा प्रजनन स्वास्थ्य अधिकार सुनिश्चितताका** लागि स्थानीय स्तरबाट नै प्रजनन स्वास्थ्य सेवाहरु गुणस्तरीय बनाउनुका साथै मनोविमर्श तथा सूचना केन्द्रको स्थापना गरि प्रजनन स्वास्थ्य शिक्षामा सबैको पहुँच हुने एकिकृत व्यवस्था गर्नका लागि नेतृत्व र सहकार्य गर्नेछौ ।

५. संक्रमणकालीन न्यायको व्याख्या महिलाको दृष्टिकोणबाट अझैसम्म पनि हुन नसकेको सन्दर्भमा **द्वन्द्वपीडित तथा प्रभावित विशेषतः यौनजन्य हिंसा र यातना भोग्न बाध्य महिलाको आवाजलाई संक्रमणकालीन न्याय प्रक्रियामा राज्यबाट मौन गराइएकोप्रति ध्यानाकर्षण गराउँदै,** द्वन्द्व पीडित तथा प्रभावित महिलाको आत्मसम्मानसहितको **सत्य, न्याय र परिपूरणकालागि अविलम्ब व्यवस्था गर्न संक्रमणकालीन न्यायलाई कानुनी ब्याख्याको परिधीबाट फराकिलो** पारी महिलालाई स्व–न्याय, पारीवारिक न्याय र सामाजिक न्यायको अनुभूति गर्ने संयन्त्र र वातावरण निर्माणका लागि नेतृत्व र सहकार्य गर्नेछौ ।

६.महिलामाथि हुने विभिन्न हिंसाका कारण उत्पन्न मानसिक तथा सामाजिक समस्याको सम्बोधनका लागि **हरेक स्थानिय तहमा मनोसामाजिक परामर्श सेवा केन्द्रको स्थापना गरि महिलाले** न्यायको अनुभुति गर्ने वातावरण निर्माणका लागि नेतृत्व र सहकार्य गर्नछौ ।

७. **संविधानको मौलिक हक अन्तरगत सुनिश्चित गरेको नागरिकको आधारभुत अधिकार** (**गाँस, बास, कपास, शिक्षा, स्वास्थ्य र रोजगारको**) **पूर्ण कार्यान्वयनका** लागि भूमीहिन किसान, अपागंता भएका व्यक्ति, सुकुम्बासी तथा विपन्न र सीमान्तकृत समुदायका महिलाको **भूमि, रोजगारी, सुरक्षित बासमाथिको अधिकार** सुनिश्चितता साथै स्थानीय **स्रोत साधनमा पहुँच कायम गर्ने नीति निर्माण गरी वडास्तरबाटै आवश्यक कार्यान्वयन** गर्न नेतृत्व र सहकार्य गर्नेछौ ।

८. घरेलु लगायत सबै **सेवामूलक कामलाई उत्पादनमूलक कामको रुपमा गणना** गर्दै हरेक क्षेत्रमा क्रियाशील श्रमिक महिलाको समान **कामको समान ज्यालाको व्यवहारिक कार्यान्वयन साथै महिलालाई राजनीतिक, सामाजिक र आर्थिक रुपमा सशक्त बनाउन** नेतृत्व र सहकार्य गर्नेछौ ।

९. महिलाभित्र पनि अपाङ्गता भएका, दलित, जनजाति, राउटे, बादी, मुस्लिम, मधेशी, यौनिक तथा लैङ्गिक अल्पसंख्यक, एच.आई.भी. संक्रमित, बेचबिखनबाट प्रभावित, द्वन्द्व प्रभावित, हिंसा प्रभावित, एकल आमा एवं विधवा महिलाहरूका फरक फरक आवश्यकता हुन्छन् भन्ने तथ्य अङ्गिकार गरी राज्यका हरेक संरचनामा विशेष व्यवस्था गर्दै समानुपातिक प्रतिनिधित्व सुनिश्चितताका लागि समुदाय तहदेखि नै पहल गर्दै राज्यका सबै तह र संरचनाहरुमा यी सवालहरु सुनिश्चित गर्न नेतृत्व एवं सहकार्य गर्ने छौं,

१०. **संविधान प्रदत मौलिक हकमा उल्लेखित महिलाको वंशीय हकलाई उपयुक्त कानुन बनाई कार्यान्वयनमा** नल्याएसम्म **महिलाको आत्मसम्मान पूर्वक बाँच्न पाउने वातावरण निर्माण हुन नसक्ने र महिलाको पराधिनताको अन्त्य नहुने तथ्यप्रति ध्यानाकर्षण गराउँदै** अबिलम्ब संबिधान संशोधन गरी **नागरिकतामा महिलाको समान हक स्थापित गर्न** नागरिकता सम्बन्धि प्रभावकारी कानुन बनाई कार्यान्वन **गर्नका लागि माग गर्दछौं ।**

११. संबिधानले दिएको **सामाजिक सुरक्षाको हक कृषि, गिट्टी कुट्ने, घरेलु श्रमिक मनोरञ्जन लगायतका अनौपचारिक क्षेत्रमा विभिन्न जोखिमपूर्ण रुपमा कार्यरत महिलाहरुले** समेत प्राप्त गर्न सक्ने स्थिति निर्माण गर्न समुदाय तहदेखि नै नेतृत्व एवं सहकार्य गर्ने प्रतिबद्धताका साथ यसका लागि आवश्यक नीतिगत व्यवस्थाको निर्माणका लागि माग गर्दै यसको नेतृत्व लिनेछौं ।

१२. **कर्णाली प्रदेशका हरेक जिल्लाहरुमा महिलाका लागि आवश्यक स्रोत व्यवस्थापन** साथै **महिला मञ्च आयोजनाका** लागि छुट्टै कोषको व्यवस्था गर्न नेतृत्व गर्नेछौ ।

हामी कर्णाली प्रदेशका जनप्रतिनीधि, महिला मानव अधिकार रक्षकहरु, सामाजिक न्याय तथा लोकतन्त्रप्रति विश्वास राख्ने सम्पुर्ण नागरिक समाजका प्रतिनिधि आफ्नो तर्फबाट महिलाको मानव अधिकारको संरक्षण र प्रवर्द्धनका साथै गणतान्त्रिक नेपाल सम्भव छ हामी संस्थागत गर्न प्रतिबद्ध छौ भन्ने उद्घोष गर्दै, यो घोषणापत्र अनुरुपका व्यवस्था स्थानीयतहदेखि नै स्थापित गर्न/गराउन निरन्तर अभियानरत तथा प्रतिबद्ध रहनेछौ ।

**कर्णाली प्रदेश, सुर्खेत**

चैत्र २४, २०७४